# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, बैशाख १९गते, २०७६ साल संख्या१२


भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौथो नगर सभा २०७५ बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन

## भक्तपुर नगरपालिकाको युवा समिति गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७५

प्रस्तावना:

राष्ट्रिय युवा परिषद् ऐन २०७२, राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन संचालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तीकरण गर्दै उनीहरुको सर्वाङ्गीण विकासका लागि युवा मैत्री नीति, योजना कार्यक्रम र प्राथमिकता निर्धारण गर्न युवा लक्षित उद्देश्य प्राप्तिका लागि राज्यलाई पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न, युवाका मुद्दाहरुको बहस पैरवी केन्द्रको रुपमा विकास गर्न, युवालाई सामाजिक दायित्व र कर्तव्य प्रति जिम्मेवार बनाउनका लागि भक्तपुर नगरपालिकाको हरेक वडामा स्वयंसेवकीय संगठनको रुपमा युवा समिति गठन तथा युवा संसदको नमूना अभ्यासका माध्यमबाट युवा परिचालन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको चौथो नगर सभाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "भक्तपुर नगरपालिकाको युवा समिति गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “युवा समिति” भन्नाले भक्तपुर नगरपालिकाको प्रत्येक वडामा गठन भएको १६–२४ वर्ष उमेर समूहका युवा सदस्यहरु रहेको यसै कार्यविधि बमोजिम गठित युवा समितिलाई सम्झनु पर्छ ।

(ख) “युवा संसद” भन्नाले १६ देखि २४ वर्षसम्मका वडास्तरीय युवा समितिका सदस्यहरु तथा तोकिएको निकायबाट छनौट भई आएका युवा प्रतिनिधिहरुबाट संचालन हुने नमूना संसदीय अभ्यासका लागि गठन गरिने संसदलाई सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले संघीय युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(घ) “परिषद्” भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(ङ) “युवा” भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरेको उमेर समूहको युवा सम्झनु पर्छ ।

(च) “कार्यकारी समिति” भन्नाले राष्ट्रिय युवा परिषद्को कार्यकारी समिति सम्झनुपर्छ ।

(छ) “उपाध्यक्ष” भन्नाले परिषद्को कार्यकारी उपाध्याक्षलाई सम्झनु पर्छ ।

(ज) “जोखिममा रहेको युवा” भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम एच.आई.भी. एड्स संक्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनु पर्छ ।

(झ) “अपांगता” भएका युवा भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता, दृष्टिविहीन, बहिरा तथा फरक क्षमता राख्ने युवालाई सम्झनु पर्छ ।

(ञ) “राष्ट्रपति” भन्नाले युवा संसदले निर्वाचित गरेको राष्ट्रपतिलाई सम्झनु पर्छ ।

(ट) “संसदीय दलको नेता” भन्नाले युवा संसदमा हुने सत्तापक्षीय संसदीय दलको नेतालाई सम्झनु पर्छ ।

(ठ) “सभापति” भन्नाले युवा संसदमा रहने विषयगत समितिका सभापतिलाई सम्झनु पर्छ ।

(ड) “सभामुख” भन्नाले युवा संसदको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ढ) "प्रधानमन्त्री" भन्नाले युवा संसदबाट निर्वाचित प्रधानमन्त्रीलाई सम्झनु पर्छ ।

(ण) "प्रमुख प्रतिपक्षी दलका नेता" भन्नाले युवा संसदमा रहेको प्रमुख प्रतिपक्षी दलको नेतालाई सम्झनु पर्छ ।

(त) "संसदीय समिति" भन्नाले युवा संसद अन्तर्गत सरकार तथा सांसदले संसदमा पेश गरेको विभिन्न विधेयक तथा प्रस्तावहरु माथि छलफल तथा सुझाव दिन गठित संसदको विषयगत समितिहरुलाई सम्झनु पर्छ ।

(थ) "महासचिव" भन्नाले युवा संसदको सभामुखको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त व्यक्तिलाई सम्झनु पर्छ ।

(द) "सचिव" भन्नाले युवा संसदमा महासचिवको सिफारिसमा सभामखुबाट नियुक्त हुने व्यक्तिलाई सम्झनु पर्छ ।

(ध) "मन्त्री" भन्नाले युवा संसदले बनाएको युथभिजन २०२५ मा उल्लेखित युवा विकासका पाँच आधार स्तम्भहरुसँग सम्बन्धित विभागीय मन्त्री लगायत अन्य मन्त्रीहरुलाई सम्झनु पर्छ ।

(न) "रुलिङ" भन्नाले युवा संसदका सभामुखले दिएको निर्देशनलाई सम्झनु पर्छ ।

(प) "नीति तथा कार्यक्रम" भन्नाले युवा संसदमा राष्ट्रपतिबाट युवा विकासका लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई सम्झनु पर्छ ।

(फ) "राष्ट्रिय युवा नीति" भन्नाले नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ सम्झनु पर्छ ।

(ब) "युथभिजन" भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना सम्झनु पर्छ ।

(भ) "मर्यादा पालक" भन्नाले युवा संसदमा सुरक्षा व्यवस्थापनमा खटिएका कर्मचारीलाई सम्झनु पर्छ ।

(म) "रोस्टम" भन्नाले युवा संसदका सदस्य तथा अन्य पदाधिकारीहरुले उभिएर बोल्ने वा सम्बोधन गर्ने स्थानलाई सम्झनु पर्छ ।

(य) "सदन" भन्नाले युवा संसद चलेको बैठकलाई सम्झनु पर्छ ।

(र) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## युवा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

३. युवा समितिको गठन :

(१) भक्तपुर नगरपालिकाको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको संरक्षकत्वमा युवा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवा समितिमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवा समितिका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडा समितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्ति वडा समितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ । युवा समितिका साधारण सदस्य चौबीस वर्ष उमेर पूरा भएपछि उक्त युवा समितिको सदस्य रहने छैन ।

(३) हरेक वडामा गठन हुने वडास्तरीय युवा समिति कार्य समितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क. स्थानीय उद्यमी युवाहरु मध्येबाट एक जना

ख. स्थानीय पुस्तकालय, टिम, समिति, वाचनालयबाट एक जना

ग. युवा पत्रकारहरु मध्येबाट एक जना

घ. वडा खेलकुद समितिका पदाधिकारी मध्येबाट एक जना

ङ. स्थानीय कलाकारहरु मध्येबाट एक जना

च. स्थानीय सहकारीमा आबद्ध युवाहरु मध्येबाट एक जना

छ. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एक जना

ज. वडा भित्रका मेधावी विद्यार्थीहरु मध्येबाट एकजना महिला सहित ३ जना

झ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

(४) युवा समितिका सदस्यहरुले अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरु मध्येबाट छनौट गर्नेछन् । उपर्युक्तानुसारको वडा समितिको कूल सदस्य संख्यामा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) युवा समितिका सदस्य चयन गर्नका लागि वडा समितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवा समितिका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवा समितिका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्त जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) वडास्तरीय युवा समितिको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

४. युवा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) भक्तपुर नगरपालिकासँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) भक्तपुर नगरपालिकामा संचालन हुने सरसफाई, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिला अधिकार शैक्षिक कार्यक्रम सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद् र मातहतका निकायहरुमार्फत भक्तपुर नगरपालिकामा संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा समितिले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तीमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र भक्तपुर नगरपालिकाबीच समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रमहरु संचालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने ।

## परिच्छेद- ३
## युवा संसदको गठनको उद्देश्य र निर्माण प्रक्रिया

५. युवा संसद गठनको उद्देश्य :

क. युवाको नेतृत्व तथा क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवाको सीप विकास तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने ।

ग. नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका बारेमा युवालाई सुसूचित गर्ने ।

घ. युवामैत्री राष्ट्रिय नीति, योजना र कार्यक्रम निर्माणका लागि राज्यलाई सुझाव दिई सकारात्मक वातावरण निर्माण गर्ने ।

ङ. युवालाई विषयगत दक्षता हासिल गरी सो क्षेत्रको नेतृत्व र पैरवी गर्न सक्षम बनाउने ।

च. राज्यका तल्लो तह गाउा तथा नगरलाई युवामैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

छ. युवालाई अधिकार र कर्तव्यप्रति सजग गराउादै राष्ट्र निर्माणमा उत्प्रेरित गर्ने ।

ज. राष्ट्रिय युवा नीति तथा युथभिजनमा परिलक्षित योजना र कार्यक्रमलाई साकार बनाई नोली युवाको विकासमा सहयोग पुऱ्याउने ।

६. नमूना युवा संसद निर्माण प्रक्रिया :

(१) युवा संसदको आकार र प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

क. भक्तपुर नगरपालिकाको सबै वडामा गठन भएका वडा युवा समितिहरु मध्ये भक्तपुर नगरपालिकाका प्रत्येक वडाबाट न्यूनत्तम एक जना महिला सहित दुई-दुई जनाका दरले सम्बन्धित वडा समिति कार्य समितिले छानी पठाएका वडा समितिका सदस्यहरु रहेको नगर युवा समितिका साधारण सदस्यहरु रहेछन् । नगर युवा समितिका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क) बमोजिमको युवा समिति संजालका साधारण सदस्यहरुले आफूहरु मध्येबाट एघार सदस्यीय नगर स्तरीय युवा समिति कार्य समिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित नगर युवा समिति कार्य समितिमा न्यूनत्तम पचास प्रतिशत महिला सहित युवा प्रतिनिधिहरु रहेछन् ।

घ. खण्ड (क) बमोजिम नगर युवा समितिका साधारण सदस्यहरु सबै नगर युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरु अतिरिक्त नगर युवा संसदमा नगरपालिकाको हकमा बढीमा ५ जनासम्म नगर युवा परिषदको सिफारिसमा नगरपालिकाले थप युवा प्रतिनिधि मनोनित गर्नेछ ।

च. भक्तपुर नगरपालिका युवा संसदको बैठक संचालनको समयमा पर्यवेक्षकका रुपमा स्थानीय तहका सबै जनप्रतिनिधिहरु, संघीय संसद सदस्य, प्रदेश सभा सदस्य, नगर युवा परिषदका पदाधिकारीहरु, कार्यालयका प्रमुखहरु, विद्यालयका प्र.अ./प्राचार्यहरु, स्थानीय संघ संस्थाका प्रमुखहरु तथा युवा संसदमा प्रतिनिधि हुने युवा अभिभावकहरु रहनेछन् ।

७. यस कार्यविधि बमोजिम भक्तपुर नगरपालिका सबै वडाहरुमा वडास्तरीय युवा समितिहरु गठन नभएको अवस्थामा पनि युवा संसदको नमूना अभ्यास वडास्तरीय युवा समितिहरु आशिक वा पूर्ण रुपमा गठन भएका भक्तपुर नगरपालिकाबाट मात्र प्रतिनिधि हुने गरी संचालन गर्न बाधा पर्ने छैन ।

८. युवा समितिको काम, कर्तव्य र अधिकार : नगरस्तरमा गठन हुने युवा समिति संजालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. स्थानीय युवा समितिको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवालाई स्वयंसेवकीय कार्यमा लाग्न उत्प्रेरित गर्ने ।

ग. विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरितीका विरुद्ध युवा परिचालनका लाग सहजीकरण गर्ने ।

घ. संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयनका लागि सहयोग गर्ने ।

ङ. युवाका सकारात्मक सोचको विकास, उद्यमशिलता र स्वरोजगारको भावना विकास गर्न सहयोग गर्ने ।

च. नगरभित्रका वडाहरुका युवा समिति, सरकार बीच समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।

छ. सम्बन्धित तहका युवा संसदको नमूना अभ्यासका लागि प्रतिनिधि छनौट तथा व्यवस्थापन गर्ने ।

ज. दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी सम्बन्धित क्षेत्रमा कार्यान्वयनका लागि सहजीकरण गर्ने ।

झ. राष्ट्रिय युवा परिषदले तोकेका अन्य काम गर्ने ।

## परिच्छेद – ४
## नमूना युवा संसदको अभ्यास

९. नमूना युवा संसदको अभ्यास गरिने : यस कार्यविधिको दफा ६ (१) बामेजिम गठित भक्तपुर नगरपालिकाको युवा संसदका प्रतिनिधिहरुका बीचमा संसदीय

अभ्यास प्रत्येक वर्ष चार दिवसीय कार्यक्रमको रुपमा देहाय बमोजिम संचालन गरिनेछ । उक्त चार दिन मध्ये शुरुका तीन दिन युवा प्रतिनिधिहरुलाई प्रशिक्षण र अभ्यास गराइनेछ भने अन्तिम दिन नमूना युवा संसदको औपचारिक प्रस्तुती हुनेछ ।

(क) युवा संसदमा सदनको औपचारिक कारवाही शुरु हुनुपूर्व उमेरको हिसाबले जेष्ठ युवा सांसद सदस्यले राष्ट्रपति समक्ष पद र गोपनीयताको सपथ लिनेछन् र उनको अध्यक्षतामा सदनको बैठक बस्नेछ र उनले अन्य सबै संसद सदस्यलाई पद तथा गोपनीयताको सपथ गराउनेछन् । कूल संसद सदस्यहरु मध्येबाट एक जना राष्ट्रपति, एक जना उपराष्ट्रपति, एक जना सभामुख, एक जना उपसभामुख निर्वाचित हुनेछन् र यसको छनौट उपस्थित सदस्य संख्याको बहुमतबाट हुनेछ । सभामुख र उपसभामुखमध्ये न्यूनत्तम एकजना महिला युवा हुनुपर्नेछ । निर्वाचित सभामुखले राष्ट्रपति समक्ष र उपसभामुखले राष्ट्रपतिको समुपस्थितिमा सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्नेछ । सपथ ग्रहणको ढाांचा अनुसूची १ बमोजिम हुनेछ ।

(ख) कूल सदस्य संख्याको ६० प्रतिशत सदस्य सत्ता पक्षको रुपमा र बााकी सदस्यहरु प्रतिपक्षी सांसदको रुपमा रहनेछन् । यसको विभाजन संसदको सभामुखबाट भौगोलिक क्षेत्र, लैगिक र समावेशी आधारमा गर्नेछन् । यसको आधारमा उनीहरुले सोही बमोजिमको भूमिका निभाउनु पर्नेछ ।

(ग) सत्तापक्षबाट नमूना मन्त्रिपरिषद् गठन हुनेछ । यसमा प्रधानमन्त्री लगायत अर्थ तथा योजना मन्त्री, शिक्षा तथा प्रविधि मन्त्री, उद्योग तथा रोजगार मन्त्री, स्वास्थ्य तथा सामाजिक सुरक्षा मन्त्री, युवा तथा खेलकुद मन्त्री समेत युथभिजन २०२५ मा उल्लेखित युवा विकासका लागि पाँच आधारस्तम्भलाई समेटिएको मन्त्रिपरिषद् रहनेछ । युवा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र अन्य मन्त्रीले राष्ट्रपतिको समुपस्थितिमा प्रधानमन्त्री समक्ष पद तथा गोपनियताको सपथ लिने छन् ।

(घ) प्रधानमन्त्रीबाट तयार भएको युवा विकास सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम राष्ट्रपतिले नमूना युवा संसदमा प्रस्तुत गर्नेछन् । यस नीति तथा कार्यक्रममा विशेषतः विगतमा युवा विकासको क्षेत्रमा सरकारी तथा गैरसकारी क्षेत्रबाट भए गरेका कार्यहरुको समीक्षा तथा नयाँ आर्थिक वर्षका लागि प्रस्तावित युवा लक्षित योजना, कार्यक्रम बजेट र अपेक्षित उपलब्धीको विस्तृत विवरण समावेश भएको हुनेछ ।

(ङ) खण्ड (घ) बमोजिम राष्ट्रपतिबाट प्रस्तुत युवा लक्षित नीति तथा कार्यक्रममाथि खुला छलफलका लागि सभामुख मार्फत रुलिङ्ग हुनेछ । यसका लागि संसदको अध्यक्षले युवा सांसदहरु बीच भएको खुला छलफल तथा सुझावहरु समेटेर युवा संसदको कारवाहीको विस्तुत प्रतिवेदन तयार गर्नका लागि बहस नोट समिति गठन गर्नेछन् ।

(च) युवा सांसदमा नियुक्त वा मनोनित भई विभिन्न भूमिका निर्वाह गर्ने युवा सांसदहरुले नमूना युवा संसदीय अभ्यासको क्रममा पालना गर्नुपर्ने आचारसंहिता जस्तै सदनमा बोलिने भाषा, लगाउने पोशाक, प्रस्तुतीकरण शैली, समय, स्थान, संचारका साधनहरु, सम्बोधनका प्रकृति, जिम्मेवारी बाँडफाँड लगायतका विषयमा संसद आफैले निर्धारण गर्न सक्नेछ ।

(छ) सांसदहरुबाट छलफलको क्रममा उठेका प्रश्नका जवाफ दिन सभामुखले प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीलाई बोलाउने छन् ।

१०. युवा संसदमा छलफलको आधार : दफा ८ को खण्ड (ङ) बमोजिम हुने छलफल विशेषतः नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२, युथभिन २०२५ तथा दशवर्षे रणनीतिक योजना नेपाल सरकार तथा भक्तपुर नगरपालिकाको युवा सम्बन्धि वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं सोको कार्यान्वियनका लागि चालिएका प्रयत्नहरु तथा अन्य समसामयिक विकास सम्बन्धी विषयहरु माथि केन्द्रित रहेर संचालन हुनेछन् ।

११. सम्बद्ध पदाधिकारीलाई आमन्त्रण गरिने : भक्तपुर नगरपालिका युवा संसदमा नगर कार्यपालिकाका सदस्यहरु लगायत युवा सम्बद्ध पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ ।

१२. प्रतिवेदन तयार गरिने : युवा संसदको नमूना अभ्यास सम्पन्न भइसकेपछि युवा प्रतिनिधिहरुबाट प्राप्त नीतिगत र कार्यक्रमगत युवाहरुलाई समेटेर युवा संसद निर्माण प्रक्रियादेखि संसदीय अभ्यास सम्पन्न हुादासम्मका सम्पूर्ण क्रियाकलापहरु समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिनेछ । भ.न.पा. बोर्ड, युवा तथा खेलकुद समिति लगायत युवा सम्बद्ध समिति र शाखाहरुलाई यो प्रतिवेदन एक एक प्रति उपलब्ध गराइनेछ । प्रतिवेदन पेश भइसकेपछि यसको विस्तृत अध्ययन गरी यसमा उल्लेखित रचनात्मक सुझावहरुलाई आत्मसात गरी प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु सम्बन्धित निकायहरुको दायित्व हुनेछ ।

## परिच्छेद – ५

## नमूना युवा संसद निर्देशक समिति

१३. नमूना युवा संसद निर्देशक समिति गठन हुने : (१) यस कार्यविधि बमोजिम वार्षिक रुपमा संचालन हुने युवा संसद गठन प्रक्रिया, प्रतिनिधि छनौट अभ्यास तथा संघ संस्थाहरुसँग सहकार्य सम्बन्धी नीति निर्माण तथा कार्यक्रमगत समन्वय गर्न भ.न.पा.मा युवा तथा खेलकुद समितमार्फत हुनेछ ।

## परिच्छेद – ५

## वजेट

१४. भक्तपुर नगरपालिकाको युवा समिति गठन तथा युवा संसद सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था भक्तपुर नगरपालिकाले गर्नेछ ।

*अनुसूची १*

**पद तथा गोपनीयताको सपथको ढाँचा**
**(दफा ९ (क) र (ग) सँग सम्बन्धित)**

**म ................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक देश र जनताको नाममा शपथ लिन्छु कि, नेपालको राजनीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहादै नेपालको राष्ट्रपति/प्रधानमन्त्री/मन्त्री/युवा संसदको सभामुख/उपसभामुख/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह र खराब भावना नलिई पदीय गोपनियता कायम राखी इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।**

**दस्तखत :.................................**
**नाम, थर : ...........................**
**मिति : ....................................**

**आज्ञाले**
**(यामलाल अधिकारी)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७५।१०।२८ गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**